कृषि, उद्योग र पूर्वाधार, समृद्ध ग्रामथानको आधार

# ग्रामथान गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# आ.व. २०८०/०८१ को
# अर्धवार्षिक प्रगति प्रतिवेदन

# परिचय

- नेपालका ७७ जिल्ला मध्येको एक मोरङ जिल्लाका १७ वटा स्थानीय तहहरुमध्ये ग्रामथान गाउँपालिका जिल्लाको दक्षिण - पश्चिमी भागमा पर्दछ। वि सं २०७४ सालमा स्थापित यस गाउँपालिकाको सिमाना - पूर्वमा रंगेली र बेलवारी न.पा.,पश्चिममा बुढिगङ्गा गा.पा.,उत्तरमा सुन्दर हरैंचा न.पा. र दक्षिणमा विराटनगर म.न.पा. र कटहरी गा.पा. रहेका छन्। यस गाउँपालिकाका मुख्य बजार क्षेत्रहरु झोराहाट, नेताचौक र तेतरिया रहेका छन् जुन बढ्दो क्रममा रहेका छन् साथै मुख्य रुपमा यस गाउँपालिकाका गाउँबासीहरु कृषि पेशामा आबद्ध रहेका छन्। यस गाउँपालिकामा केही उधोगधन्दा पनि रहेको देखिन्छ। यस गाउँपालिकाको मध्य भाग हुँदै विराटनगर विराटचौक सडक गएको छ। जसले दक्षिणमा विराटनगर र उत्तरमा सुन्दरहरैंचा नगरपालिका संगै पूर्व - पश्चिम राजमार्गसँग सम्पर्क गराउन महत्वपूर्ण भूमिका खेलेको छ।
    - कूल क्षेत्रफल - ७१.८४ वर्ग कि.मी
    - परिवार संख्या - ९३७७
    - जनसंख्या - ३६०२४
    - कूल साक्षरता दर - ७२.६३%
    - कृषि योग्य जमिन - करिब ८५%
    - गैर कृषि क्षेत्र - १५%
    - कर्मचारी र जनप्रतिनिधीहरुको स
- यहाँको बासिन्दाको आम्दानीको मुख्य श्रोत भनेको कृषि रहेको छ जुन कुरालाई झोराहाट नाटक घर अगाडि राखिएको सम्भवत विश्वकै ठूलो हलोले उजागर गर्दछ। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्याधिक बढिरहेको छ। गाउँपालिका भित्र झोराहाट नाटक घर रहेको छ यसले यस गाउँपालिकालाई देश तथा विदेशमा चिनाउनको लागि ठूलो भूमिका खेलेको छ। विकासको प्रशस्त सम्भावना बोकेको यस गाउँपालिका आफुलाई पूर्ण खोप गाउँपालिका बनाउने तर्फ अग्रसर छ र खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भईसकेको तथा साविकको तेतरीया गाविस नेपालकै पहिलो बालमैत्री गाविसको रूपमा घोषणा भैसकेको छ।

# आर्थिक विकास क्षेत्र

- स्थानीय आर्थिक विकासको मूल आधारका रुपमा रहेको कृषि तथा पशु सेवालाई व्यवस्थित बनाउन यस ग्रामथान गा.पा. मा एउटा कृषि विकास शाखा र एउटा पशुपन्छी विकास शाखा संचालनमा रहेका छन् । कृषि तथा पशु सेवाको प्रवर्धनका लागि उन्नत किसिमका धान मकै तरकारी लगायत कृषिजन्य उत्पादनका बिउ बिजहरु वितरण गर्दै आईएको छ ।

- कुल सहकारी संख्याः ३७
- कृषक समूहः २१
- अक्सिजन उद्योगः १
- ईट्टा उद्योगः ५
- नेपाली कागज उद्योगः १
- क्रसर उद्योगः १

- केही काष्ठ मिल
- गाईपालन व्यवसाय
- कुखुरा पालन व्यवसाय
- केही यूवा बैदेशिक रोगजारीमा रहेका
- केही सरकारी सेवामा कार्यरत

**कुखुरा, बङ्गुर र सुगुरको मासुमा गाउँपालिका आत्मनिर्भर रहेको ।**

# आर्थिक विकास समितिको प्रगति विवरण

आ.व. २०७९/०८०

- भौतिक प्रगतिः २० वटा कार्यक्रम सम्पन्न भएको।
- वित्तीय प्रगतिः १,०७,१६,९६१/-

हाल सम्मको प्रगति विवरण (आ.व. २०८०/०८१):

- सम्पन्न कार्यक्रमः ६ वटा
- कुल खर्च रकमः २०,२०,०००/-

प्रमुख उपलब्धीहरुः

- प्रविधिमैत्री खेती प्रणाली सम्बन्धि कृषकहरुमा ज्ञान तथा शिपको विकास।
- प्राङ्गारिक खेति प्रणाली तर्फ कृषक उन्मुख भएको।
- गड्यौला खेती प्रणाली वृद्धि भएको।
- कृषि यान्त्रिकरणमा वृद्धि
- घरपालुवा जिवलाई रेविज विरुद्धको खोप लगाएको संख्याः १५०
- लम्पी स्किन डिजिज भ्याक्सिन लगाएको संख्याः ३५००
- F.M.D. भ्याक्सिनः ३५०० पशुलाई लगाइएको।
- निःशुल्क औषधी वितरणः ११८ कृषिकको ५९० पशुबस्तु
- पशु बन्ध्याकरण संख्याः ११३
- पि.पि.आर भ्याक्सिनः ७५०० डोज
- कृत्रिम गर्भाधान गरिएको पशु संख्याः १३९
- विमा गरिएको पशुको संख्याः १६७
- विमादावी भुक्तानी गरेकोः ३१

# सामाजिक विकास क्षेत्र

## शिक्षामा सरकारी लगानी के छ।

- जम्मा बालविकास केन्द्रः७२
- सामुदायिक सिकाई केन्द्रः २
- जम्मा विद्यालय संख्याः३६
- संस्थागत विद्यालय संख्याः ८
- सामुदायिक विद्यालय संख्याः २८
- जम्मा माध्यमिक विद्यालय संख्याः १३
- निम्न माध्यमिक विद्यालय संख्याः ७
- आधारभुत विद्यालय संख्याः १६
- उच्च माध्यमिक विद्यालय संख्याः ५
- जम्मा विद्यार्थी संख्याः ८९५१
- छात्र संख्याः ४५४०
- छात्रा संख्याः ४४११

# सामाजिक विकास क्षेत्र

## स्वास्थ्य

- प्राथमिक स्वास्थ्य केन्द्र संख्याः १
- आधारभुत स्वास्थ्य केन्द्र संख्याः १
- स्वास्थ्य चौकी संख्याः ५
- गाउँघर क्लिनिक संख्याः २२
- खोप क्लिनिक संख्याः २४
- स्वास्थ्य स्वयमं सेविका संख्याः ५४
- हाल सम्म निःशुल्क रगत प्राप्त गर्ने संख्याः १८७
- रु. एक लाख आर्थिक सहायता सिफारिस गरिएको जनसंख्याः २४
- मासिक ५००० प्राप्त गरिरहेको दिर्घ रोगीको संख्या
- गत आ.व. मा बर्थिङ सेन्टरमा प्रसुति गराउने महिलाको संख्याः १३१
- यस आ.व. मा बर्थिङ सेन्टरमा प्रसुति गराउने महिलाको संख्याः ६४
- गत आ.व. मा खोप गर्ने जम्मा बालबालिकाः ४०९
- चालु आ.व. मा हालसम्म खोप प्राप्त गर्ने बालबालिकाः १५०
- गत आ.व. मा जन्म भएको जम्मा बालबालिका संख्याः १२९
- यस आ.व. मा जन्म भएको जम्मा बालबालिका संख्याः ७७
- गत आ. व. मा दीर्घ रोगीको संख्याः २७
- चालु. आ. व. का दीर्घ रोगीको संख्याः २१
- हालसम्मको दीर्घ रोगीको रकम निकासाः १०,६०,०००/-




श्री रबि आधारभूत विद्यालय


स्वास्थ्य चौकी


स्वागतम्


प्राथमिक स्वास्थ्य केन्द्र

# सामाजिक विकास शाखा

## आ.व. २०७९/०८०

- स्वीकृत कार्यक्रम संख्याः ९
- विनियोजित रकमः ३०,००,०००/-
- सम्पन्न कार्यक्रम संख्याः ८
- खर्च भएको जम्मा बजेटः २७,००,०००/-
- भौतिक प्रगतिः ९० प्रतिशत

## आ.व. २०८०/०८१ हाल सम्म

- स्वीकृत कार्यक्रम संख्याः ५
- विनियोजित रकमः १८,००,०००/-
- सम्पन्न कार्यक्रम संख्याः २
- खर्च भएको जम्मा बजेटः १०,००,०००/-
- भौतिक प्रगतिः ५६ प्रतिशत

# पूर्वाधार विकास क्षेत्र

- जम्मा कालोपत्र सडकः २७ कि.मि.
- ग्राभेल सडकः १२३ कि.मि.
- कच्ची सडकः ६० कि.मि.
- विद्युत पहुँच जनसंख्याः ९० प्रतिशत
- सिँचाई योग्य क्षेत्रफलः २७८६ हेक्टर
- ओभरहेड ट्याङ्की मार्फत खानेपानी पहुँचको जनसंख्याः ५०००
- निर्माणाधिन ओभरहेड ट्याङ्की संख्याः ४
- झोलुङ्गे पुलः ३
- निर्माण भएको मन्दिर संख्याः १०
- सामुदायिक भवन संख्याः १०
- संग्राहलयको संख्याः १
- सिमसारः १
- पर्यटकीय क्षेत्रः २


ग्रामथान गाउँपालिका
५ नं वडा कार्यालय
तेतरीया, मोरङ
२०७३
ग्रामथान गाउँपालिका






LI-NING




# वन वातावरण तथा विपद व्यवस्थापन

- निजि वन संख्याः १
- सामुदायिक वनः नभएको।
- ग्रामथान गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ निर्माण भएको।
- विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ निर्माण भएको।
- विपद् जोखिम नक्साङ्कन, विपद पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP) र स्थानीय विपद् तथा उत्थानशील योजना (LDCRP) निर्माण भएको।
- केही थान विपद्जन्य समाग्रीहरु रहेको।
- मोरिया खोला र जुडीपैनीको तट्बन्धन निर्माण भएको।
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन कार्य भइ रहेको।
- विपद् व्यवस्थापनको लागि खुल्ला क्षेत्र तोकिएको।

# सुशासन तथा संस्थागत विकास र सेवा प्रवाह

- गाउँपालिकाको संस्थागत सुधार र सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक पर्ने ऐन, नियम तथा कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयनमा ल्याइएका छन् । कार्यालयमा विधुतीय हाजिरीको प्रयोग भइरहेको छ भने सामुदायिक विधालयहरुमा गत आ.व. देखि विधुतीय हाजिरिको व्यवस्था गरिसकिएको छ । गा. पा.मा डिजिटल प्राविधिवाट नागरिक वडापत्र संचालनमा ल्याइएको छ ।कार्यालयका सुचनाहरु कार्यालयको सामाजिक संजाल तथा वेभसाईटबाट प्रकाशन गर्ने व्यवस्था गरिएको छ ।यस आ व को प्रथम चौमासिकको सार्वजनिक सुनुवाई सम्पन्न भईसकेको तथा गाउँबासिहरुबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने तर्फ गाउँपालिका अग्रसर रहेको छ ।
- जम्मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्याः ३७७२
- जम्मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही समूहः ७ (जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, जेष्ठ नागरिक एकल महिला, विधुवा, पूर्ण अपाङ्गता, अति अशक्त अपाङ्ग, बालबालिका दलित)
- हाल सम्मको जम्मा रकम निकासाः ३,५५,०१,१२८/-
- गत आ.व. का जम्मा लाभग्राहीः ३७३७
- गत आ.व. को जम्मा रकम निकासाः ३,४८,०२,८३६/-


ग्रामथान गाउँपालिका
५ नं. वडा कार्यालय
नागरिक वडापत्र

# ढुङ्गा गिट्टी वालुवा उत्खनन् तथा बिक्रि

- ग्रामथान गाउँपालिका अन्तर्गत पर्ने लोहन्द्रा खोलाबाट ढुङ्गा गिट्टी वालुवा तथा नदिजन्य पदार्थ उत्खनन् तथा विक्रिका लागि ग्रामथान गाउँपालिकाले यहि आ.व. २०८०/०८१ मा IEE गरेर नदिजन्य पदार्थको बिक्री वितरण गर्ने योजना अनुरुप यस आ व २०८०\०८१ मा विद्युतिय ठेक्का मार्फत सुचना प्रकासन गरि मूल्याङ्कनको प्रक्रियामा रहेको छ ।
- गाउँपालिकाको मुख्य आन्तरिक श्रोत नै नदिजन्य पदार्थको बिक्री हो ।

# विगत ५ वर्षको आय व्यय विवरण

- *आ व २०७५/७६*

  कुल आयः

  ४४९०४३०००|-

  कुल चालु खर्चः

  २४००६२०००|-

  कुल पुँजीगत खर्चः

  १९२८५००००|-

- *आ व २०७६/७७*

  कुल आयः

  ५४०६९९०००|-

  कुल चालु खर्चः

  २४६२८६०००|-

  कुल पुँजीगत खर्चः

  १३०९५७०००|-

- *आ व २०७७/७८*

  कुल आयः

  ४८९४२२०००|-

  कुल चालु खर्चः

  २९८५९००००|-

  कुल पुँजीगत खर्चः

  १४०७५००००|-

- *आ व २०७८/७९*

  कुल आयः

  ५४९३८८०००|-

  कुल चालु खर्चः

  ३६५७१७०००|-

  कुल पुँजीगत खर्चः

  १०६९५३०००|-

- *आ व २०७९/८०*

  कुल आयः

  कुल चालु खर्चः -

  कुल पुँजीगत खर्चः

# विगत ५ वर्षमा भएका उत्कृष्ट अभ्यास

- ग्रामथान गाउँपालिकाको मुख्य नारा नै छोरी जोगाऔं रहेकोले यस गाउँपालिका स्थापना पश्चात दोश्रो सन्तान छोरी भएमा बच्चाको जन्मदर्ताका आधारमा अभिभावकलाई नगद रु ३१०५ रुपैंया प्रदान गर्दै आईएको छ। यस कार्यले लैङ्गिक समानता कायम गर्न तथा छोरा र छोरीबिचको विभेद अन्त्य गर्न ठूलो सहयोग पुगेको छ।
- ग्रामथान गाउँपालिका वडा नं ७ मा रहेको लडैयाडांगीमा ग्रामथान गाउँपालिकाका विपन्न तथा सुकुम्बासिलाई प्रदेश नं १ सरकारको सहयोग तथा सहकार्यमा एकीकृत नमुना बस्ति निर्माण गरि करिब रु १ करोड ४० लाख लागतमा ३८ वटा घर निर्माण सम्पन्न गरि हस्तान्तरण गरिएको छ।
- गाउँपालिकाको नारा “छोरी जोगाउँ” रहेको र सो कार्यक्रम कार्यान्वयनको लागि गत आ.व. मा बेटी बचाउँ कार्यक्रमका लागि रु. ५,००,०००/- रकम विनियोजन गरिएको र चालु आ.व. मा रु. ५,००,०००/- रकम विनियोजन गरिएको छ।

# सबल पक्ष र अवसर

- ग्रामथान गाउँपालिकाले पूर्वाधार, कृषि, स्वास्थ्य र शिक्षालाई प्राथमिकतामा राखेर कार्य गरिरहेकोले साक्षरता दर बढिरहेको तथा कृषि पेशामा आधुनिक प्रविधिको प्रयोग, बैदेशिक रोजगारी, सचेतनाले जीवनस्तरमा गुणात्मक परिवर्तन भएको छ ।
- पूर्वपश्चिम राजमार्गसँग जोडिएको सडक संजाल सहितको यातायत सुविधा यस गाउँपालिकाको अर्को महत्वपूर्ण सबल पक्ष हो । यहाँबाट नजिक रहेका विराटनगर, विराटचौक, बेलवारी, दुहबी, ईटहरी जस्ता ठूला शहरी क्षेत्रबाट विभिन्न प्रकारका लाभ प्राप्त गर्न सकिने तथा उत्पादन भएका कृषिजन्य उत्पादनहरुको लागि बजारको सहज पहुँचको अवस्था छ ।
- ग्रामथान गाउँपालिकामा करिब ८५% जमिन कृषियोग्य रहेकोले अधिकांस स्थानीयबासी कृषि पेशामा संलग्न रहेका छन् । प्राय सबै टोलबस्तीमा विधुत सेवा पुगेको छ भने करिब ७०% जमिनमा सिंचाइ सुविधाको पहुँच रहेको अवस्था छ ।
- यस गाउँपालिकामा अधिकांश थारु जातिको बाहुल्यता रहेको तथा थारु सांस्कृतिक संग्राहलय समेत निर्माणाधिन रहेकोले ग्रामिण पर्यटनको प्रचुर संभावना रहेको छ ।
- दीगो विकास, समुदायमा आधारित विकास, साझेदारी विकास तथा स्थानीय आवश्यकता र मागमा आधारित विकासका गतिविधि सञ्चालन गर्न सक्ने अवस्था छ ।

# समस्या र चुनौतिहरु

- स्थानीय तहलाई आवश्यक ऐन, कानून, कार्यविधि तथा निर्देशिका पर्याप्त रुपमा नहुँदा तथा भएका ऐन कानूनहरु समेत अस्पष्ट तथा एक अर्कासंग कतिपय अवरस्थामा बाझिने भएकाले कार्यान्वयनमा जटिलता रहेको छ।
- स्थानीय तहमा पर्याप्त जनशक्ति नहुनु , भएका जनशक्तिलाई उचित तालिम र क्षमता अभिवृद्धिमा ध्यान नदिईनु , समान तहका संघीय , प्रदेश र स्थानीय तहका कर्मचारीहरुबिच असमान व्यवहार हुनु र वृत्तिविकास बारे अस्पष्टता हुनाले स्थानीय तहमा कार्यरत कर्मचारीहरुमा तिव्र असन्तुष्टि रहेको छ।
- स्थानीय स्रोत साधनको पहिचान र वैज्ञानिक परिचालन गर्न करको दायरा फराकीलो बनाई उद्योगधन्दा तथा व्यापार व्यवसायलाई करको दायरामा ल्याउन सकिएको छैन।
- ग्रामिण तथा कृषि सडक सञ्जाल पर्याप्त छैन। कालोपत्रे सडक अत्यन्तै न्यून छ। मुख्य पेशाको रुपमा रहेको कृषिलाई आधुनिक तरिकाले व्यवसायिकरण गर्न सकिएको छैन र कृषि प्रणाली हालसम्म निर्वाहमुखी नै रहेको छ।
- लोहन्द्रा, जुडी र सिंघिया नदीको कारण यहाँका जनताले वर्षेनी कटान र बाढीको प्रकोप व्यहोर्नु बाध्य छन्।
- फोहर व्यवस्थापनका लागि ल्याण्डफिल साइटको अभाव रहेको छ। शुद्ध पिउने पानी, सडक, बत्ती, ल्याण्डलाइन टेलिफोन जस्ता सेवाहरु पर्याप्त छैनन्।
- गाउँको सामाजिक, आर्थिक रुपान्तरण र भौतिक पूर्वाधार निर्माणमा समुदायको लागत सहभागिता अति न्यून छ।
- आन्तरिक आय न्यून रहेका कारण गाउँ कार्यपालिकाको दैनिक प्रशासनिक खर्च धान्न अन्य स्रोतमा भर पर्नु परेको छ। विकास प्रतिको जनताको तिव्र ईच्छा र आकांक्षालाई सम्बोधन गर्न सकिएको छैन।



ANY
QUESTIONS?
WHEN?
HOW?
WHERE?
WHO?
WHAT?
WHEN?
WHAT?
WHERE?
WHAT?
WHERE?
When?
WHERE?
Why?
WHEN?
WHAT?
WHAT?
When?

# धन्यवाद !!!